नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(जनशक्ति विकास शाखा)

पत्र संख्याः ज.वि.शा. ३०६-२०७४/७५

**तुरुन्त**

चलानी नं. ३१४

मितिः- २०७४।११।१८

विषयः- **वैदेशिक अध्ययन/तालीम छात्रवृत्तिमा मनोनयन गर्ने सम्बन्धमा।**

श्री अर्थ मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

श्री शिक्षा,विज्ञान तथा प्रविधि र खेलकुद मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

श्री संचार तथा सूचना प्रविधि मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

तपसिल अनुसारको अध्ययन/तालीम कार्यक्रममा तहांबाट मनोनयन गर्ने गरी निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा ४०ख को उपदफा (३) बमोजिम गठित समितिको मिति २०७४/११/१५ को वैठकबाट निर्णय भएको हुदा उक्त कार्यक्रममा उपयुक्त उम्मेदवार मनोनयन गरि अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखामा पठाउनु हुन तथा मनोनयन गरिएको कर्मचारीको संकेत नं. समेत उल्लेख गरि सो को जानकारी यस मन्त्रालयमा समेत अनिवार्य रुपमा उपलब्ध गराउने व्यवस्था हुन आवश्यक कार्यार्थ पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

साथै तालीम तथा अध्ययन कार्यक्रममा उम्मेदवार मनोनयन गर्दा कार्यक्रमसँग असम्बन्धित व्यक्तिको मनोनयन भै सम्बन्धित संस्थाबाट कन्फर्मेशन नआएमा सो निकायलाई २ पटकसम्म छात्रवृत्तिमा समावेश नगर्ने भनि निर्णय भएको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।

छात्रवृत्तिको मनोनयनमा सम्बन्धित सेवा, समुह र श्रेणीभित्रका समावेशी (महिला, आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग, पिछडिएको क्षेत्र) तथा हालसम्म अवसर नपाएका र दुर्गममा सबभन्दा बढी समय काम गरेका आधारमा साथै योग्यता पुगेका सहायक स्तरका कर्मचारीहरुलाई समेत प्राथमिकता दिई मनोनयन गर्नुहुन अनुरोध छ ।

तपसिलः

| क्र. सं. | अध्ययन / तालीम/छात्रवृत्तिको विषय | सिट संख्या | अध्ययन/तालीमको अवधि | छात्रवृति प्रदान गर्ने संस्था/तालीम संचालन हुने देश | आवश्यक योग्यता/ अन्य प्रासंगिक व्यहोरा | छात्रवृत्ति वितरण गरिएका निकाय/निर्णयको व्यहोरा |
|---|---|---|---|---|---|---|
| 1 | Master's Degree Program in Global ICT Policy (Study) | 4 (FOUR) | 2018 Aug.- 2019 Dec.<br>**Application Deadline: 2018 March 16** | **KOICA/ Pusan National University, KOREA** | Be officially nominated by the government and be a government employee having minimum 2 years of experience in the field of study.<br>Be under age of 40 as of 2018 Feb. 1<br>Have completed Bachelor Degreee or an equivalent to college/.university level Educational Background<br>Have good command of both spoken and written English in order to take classes conducted in English<br>Have not participated in KOICA's scholarship program or any of the Koran Governments' Scholarship Program before<br>For more details, please refer to:<br>**KOICA: koica.sp@koica.go.kr**<br>**http://training .koica.go.kr/**<br>**PNU :leo@koica.go.kr**<br>**youngkim@ousan.ac.kr** | संचार तथा सूचना प्रविधि मन्त्रालयले (सुचना तथा संचार तर्फ) १ जना, शिक्षा,विज्ञान तथा प्रविधि र खेलकुद मन्त्रालयले (विज्ञान तथा प्रविधितर्फ) राष्ट्रिय सुचना प्रविधि केन्द्रबाट २ जना र अर्थ मन्त्रालयले १ जना गर्ने । |

( किरण थापा)
शाखा अधिकृत

बोधार्थ
श्री राष्ट्रिय योजना आयोगको सचिवालय, आर्थिक विश्लेषण तथा बैदेशिक सहायता समन्वय शाखा, सिंहदरबार ।
श्री अर्थ मन्त्रालय, अन्तराष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा, सिंहदरबार ।
श्री परराष्ट्र मन्त्रालय, सिंहदरबार ।